नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१९(२४सै घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google+code: 476k+j6
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :- ४५६

## सार्वजनिक सेवा प्रवाह सम्बन्धी सूचना

सार्वजनिक निकायहरुबाट सेवा लिनका लागि तोकिएका आवश्यक कागजात एवम् प्रकृया पुरा भएमा सहज रुपमा सेवा प्राप्त गर्न सकिन्छ जसका लागि कुनै अर्को पक्षको सहयोग वा भनसुन आवश्यक पर्दैन । सेवा सम्बन्धी कुनै जिज्ञासा, अस्पष्टता वा असहजता भएको अवस्थामा तेस्रो पक्षको व्यक्तिगत स्वार्थ, मोलाहिजा एवम् बहकाउमा नपरी प्रत्येक कार्यालयमा रहेका नागरिक सहायता/सहजिकरण कक्षमा सम्पर्क गरी जानकारी लिन अनुरोध छ। सरकारी सेवा र कार्यालयसँग सम्बन्धित कामको लागि कानूनतः लाग्ने राजश्व बाहेक कुनै शुल्क नलाग्ने हुँदा सो विषयमा सचेत रहनु हुन समेत सूचित गरिन्छ। सार्वजनिक निकायमा सेवा लिन जानुपूर्व सम्बन्धित निकायको वेबसाईट, नागरिक वडापत्र वा सूचना अधिकारीबाट सेवा सम्बन्धी आवश्यक कागजात, सेवा प्रदान गर्ने अधिकारी एवम् सेवा प्राप्त गर्न लाग्ने समय र लागत लगायतका विषयमा पर्याप्त जानकारी लिई जानु हुन अनुरोध छ। साथै सार्वजनिक सेवा प्रदायक संस्था/निकायले सेवाग्राहीलाई माग बमोजिमको सेवा प्रवाह गर्न नसकी फिर्ता पठाउनु परेको अवस्थामा सेवा दिन नसक्नुको स्पष्ट कारण सहित सम्बन्धित जिम्मेवारीमा रहेको कर्मचारीले जानकारी गराउनु हुन र थप पुष्ट्याई तथा स्पष्टता आवश्यक परेको अवस्थामा कार्यालय प्रमुखले स्पष्ट पार्नु हुन समेत अनुरोध छ।

पुनश्चः कुनै सार्वजनिक निकायका कर्मचारीहरुले विद्यमान निर्देशिका/कार्यविधि एवम् यस सूचना विपरितका क्रियाकलाप गरेको वा अनावश्यक दुःख दिने नियतले समयमै कार्यसम्पादन नगरेको पाइएमा प्रमुख जिल्ला अधिकारीको सम्पर्क नं. ९८५१२७७७७७ मा गुनासो वा जानकारी गराउनु हुन अनुरोध छ।

मिति २०८२।०७।१८, ने.स.११४६

(द्रुव प्रसाद अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी
एवम् सूचना अधिकारी